आज मिति २०७९/०३/०९ गतेका दिन यस आदर्श कोतवाल गाउँपालिकाका अध्यक्ष श्री जवाहर प्रसादज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को वार्षिक वजेट, नीति तथा कार्यक्रम प्रस्तुतिकरण वैठकमा देहाय बमोजिमका उपस्थितिमा सु-सम्पन्न भयो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर | मोबाइल नं. |
|---|---|---|---|---|
| १ | जवाहर प्रसाद | गाउँसभा सभाअध्यक्ष | | |
| २ | मिरा देवी | गाउँसभा उपाध्यक्ष | | |
| ३ | प्रमोद कुमार साह | प्र.प्र.अ. | | |
| ४ | सुनिल प्रसाद कुश्वाहा | गाउँसभा सदस्य | | |
| ५ | मनोज कुमार मेहता | गाउँसभा सदस्य | | |
| ६ | शशिभुषण प्रियदर्शी यादव | गाउँसभा सदस्य | | |
| ७ | शेख जवाहिर | गाउँसभा सदस्य | | |
| ८ | रुपेश नारायण सिंह | गाउँसभा सदस्य | | |
| ९ | राजु कुमार गुप्ता | गाउँसभा सदस्य | | |
| १० | जनक ठाकुर लोहार | गाउँसभा सदस्य | | |
| ११ | हरिनारायण प्रसाद कुशवाहा | गाउँसभा सदस्य | | |
| १२ | गान्धी देवी | गाउँसभा सदस्य | | |
| १३ | सुरसती देवी | गाउँसभा सदस्य | | |
| १४ | रंजीत प्रसाद गुप्ता | गाउँसभा सदस्य | | |
| १५ | लखीन्द्र प्रसाद साह | गाउँसभा सदस्य | | |
| १६ | प्रमिला कुमारी चौधरी | गाउँसभा सदस्य | | |
| १७ | फुलमाया देवी | गाउँसभा सदस्य | | |
| १८ | नन्दलाल साह तेली | गाउँसभा सदस्य | | |
| १९ | श्याम हजरा दुसाद | गाउँसभा सदस्य | | |
| २० | उर्मिला देवी | गाउँसभा सदस्य | | |
| २१ | रिना देवी राम | गाउँसभा सदस्य | | |
| २२ | जुलुस राय यादव | गाउँसभा सदस्य | | |
| २३ | सिकिन्दर प्रसाद यादव | गाउँसभा सदस्य | | |
| २४ | अजरुन खातुन | गाउँसभा सदस्य | | |

| क.सं. | नाम थर | पद | हस्ताक्षर | मोबाइल नं. |
|---|---|---|---|---|
| २५ | सुनैना चमइन | गाउँसभा सदस्य | | |
| २६ | शंकर साह कानु | गाउँसभा सदस्य | | |
| २७ | पपु कुमार यादव | गाउँसभा सदस्य | | |
| २८ | कमोधा देवी | गाउँसभा सदस्य | कमोधा | |
| २९ | सुनिता देवी | गाउँसभा सदस्य | सुनिता | |
| ३० | जयमंगल प्रसाद साह | गाउँसभा सदस्य | [illegible] | |
| ३१ | प्रयाग महतो धानुक | गाउँसभा सदस्य | [illegible] | |
| ३२ | पुजनी कुमारी देवी | गाउँसभा सदस्य | पुजनी | |
| ३३ | सहोदरी देवी चमार | गाउँसभा सदस्य | | |
| ३४ | अनहोती महतो | गाउँसभा सदस्य | अनहोती | |
| ३५ | अरुण कुमार पाण्डे | गाउँसभा सदस्य | | |
| ३६ | सकली देवी सहनी | गाउँसभा सदस्य | सकली | |
| ३७ | बचनी देवी | गाउँसभा सदस्य | बचनी | |
| ३८ | दिपलाल प्रसाद कुशवाहा | गाउँसभा सदस्य | दिपलाल | |
| ३९ | लालप्रसाद यादव | गाउँसभा सदस्य | लालप्रसाद यादव | |
| ४० | रम्भा देवी | गाउँसभा सदस्य | [illegible] | |
| ४१ | रामपति देवी | गाउँसभा सदस्य | | |
| ४२ | शिव सा कानु | गाउँसभा सदस्य | [illegible] | |
| ४३ | सनत मुखिया वीन | गाउँसभा सदस्य | सनात | |
| ४४ | रामनरेश महरा | गाउँसभा सदस्य | रामनरेश | |
| ४५ | गुन्जेश्वरी प्रसाद साह कानु | गाउँसभा सदस्य | गुन्जेश्वरी | |

## नवौं गाउँसभाद्धारा पारित निर्णयहरु

१) आदर्श कोतवाल गाँउपालिकाको गत आ.व. ०७८/०७९ को वार्षिक निति, कार्यक्रम तथा बजेटको यथार्थ आय-व्यय र चालु आ.व. २०७९/०८० को अनुमानित आय-व्यय तथा बजेट कार्यक्रमहरु सर्वसहमतिले पारित गरियो ।

२) आ.व. २०७९/०८० को लागि गाउँ कार्यपालिका द्वारा पेश भएका आदर्श कोतवाल गाउँपालिकाको आर्थिक ऐन, २०७९ (करका दरहरु) सर्वसहमतिले पारित गरियो ।

३) यस गाउँ कार्यपालिकाको गाउँसभावाट विनियोजन बजेट मध्ये आ.व. २०७८/०७९ मा कायदिश लिएर सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी हुन नसकेका रकम भुक्तानि गर्ने निर्णय पारित गरियो ।

४) गाँउ कार्यपालिकाद्धारा हाल सम्म भई गरेका सम्पूर्ण निर्णय र सो निर्णय अनुसार सम्पादन भएका कार्यक्रमहरुको अनुमोदन प्रस्ताव पारित गरियो ।

५) गाँउसभा तयारीको क्रममा कार्यालयको दैनिक कार्यसमपादनको अतिरिक्त चालु आ.व. को योजना तर्जुमा तथा वार्षिक नीति तथा कार्यक्रम तयारी तथा गाँउसभाको तयारीमा कार्यालय समयका अतिरिक्त विहान देखि बेलुका सम्म खटिएका गाउँपालिकाका (प्र.प्र.अ., लेखा प्रमुख, योजना प्रमुख, सूचना प्रविधि अधिकृत, जिन्शी शाखा प्रमुख, आ.ले.प.) कार्मचारीहरुलाई एक महिना वरावरको तलव रकम प्रोतसाहन स्वरुप उपलब्ध गराउने निर्णय सर्वसहमतिले पारित गरियो ।

६) साविक गाविस तथा यस गाउँपालिकामा रहेको पेश्की हालसम्म फछ्र्यौट नगरेका तथा बेरुज दाखिला नगर्ने उपभोक्ता समिति, कर्मचारी तथा ठेकेदारहरुलाई आफ्नो जिम्मा रहेको पेश्की तथा ठेका वापतको वक्यौता रकम फछ्र्यौट गर्न सम्वन्धमा आवश्यक कार्य विधि बनाई गाउँ कार्यपालिकालाई अधिकार प्रत्योजन गर्न प्रस्ताव पारित गरियो ।

७) यस गाउँ कार्यपालिकाद्वारा स्वीकृत योजना तथा कार्यक्रममा ३ प्रतिशत कन्टिजेन्सी कटा गरि कार्यक्रम तथा योजना संचालन गरिने छ । सो वापत कटा गरिको रकम सम्बन्धित योजना तथा कार्यक्रमहरुको गुणस्तरियता एव्म प्रभावकारिता र उपभोक्ता समति, कर्मचारीहरुको क्षमता विकासमा खर्च गर्न प्रस्ताव पारित गरियो ।

८) सानातिना योजना-कार्यक्रमहरुको औचित्य र आवश्यकतालाई मध्यनजर गरी स्वीकृत वजेटको परीधिभित्र रही भैपरी पुंजीगत शिर्षकवाट योजना तथा कार्यक्रमहरु गाउँ कार्यपालिकावाट स्वीकृत गराई सञ्चालन गरिने अधिकार प्रत्यायोजन गर्न प्रस्ताव पारित गरियो ।

९) जिल्ला समन्व्य समिति, वारामा गरिवसँग विशेश्वर कार्यक्रममा सामाजिक पारिचालक पदमा करिव १८ वर्ष सम्म निरन्तर रुपमा कामकाज गर्दै आईरहनु भएका श्री महेन्द्र गिरी सन्यासीले विगत ४ वर्ष देखी यस आदर्श कोतवाल गा.पा.को विभिन्न वडामा वडा सचिवको पदमा इमान्दारी पुर्वक निरन्तर सेवा दिदै आईरहनु भएकोमा निजको म्याद मिति २०७९

सुनिता

श्रावन १ देखी २०८० असार मसान्त सम्म थप गरी कार्यालय साहायक चौथो तहको तलव, सेवा सुविधा नेपाल सरकारको नियमानुसार दिने निर्णय गरियो ।

१०) यस गाउँपालिका अन्तर्गत आईपर्ने मुद्दा मामिला, आवश्यक कानुनि राय परामर्श, न्यायिक समिति अन्तर्गत आइपर्ने कानुनी जटिलटा लगायतका विषयमा सल्लाह परामर्श तथा सहयोगको लागि मासिक रु. ३५,०००/- अक्षरेपी पैतीस हजार मात्रमा नवढने गरि श्री ओमप्रकाश केशरी सँग सेवाको लागि सम्झौता गरि काममा लगाउने तथा पारिश्रमिक उपल्बध गराउने सम्बन्धमा निर्णय पारित गरियो ।

११) गाउँपालिका क्षेत्र भित्रका 'क' वर्गका हुलाकी राजमार्गसँग छुने प्रमुख सडकहरु ३०–२५ फिट, 'ख' वर्गका मुख्य कृषि तथा शाखा सडकहरु २५–२० फिट र 'ग' वर्गका गाउँका सडक तथा शाखा सडकहरु १५–१३ फिट र पुराना वस्तीहरुका साँघुरा सडकहरुलाई समेत कम्तिमा १३ फिट वा सो भन्दा नक्सामा वढी भएका सडकहरुलाई नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मतका स्वीकृत आयोजनाहरु संचालन गरिने निर्णय गरियो ।

१२) यस आदर्श कोतवाल गाउँपालिकामा आ.व. २०७९/०८० मा सञ्चालन हुने योजनाहरुको आवश्यकता अनुसार ठाउँ तथा नाम परिवर्तन गरी योजना संचालनका लागी सिफारिस गरिने अधिकार गाउँ कार्यपालिकालाई दिने निर्णय गरियो ।

१३) आदर्श कोतवाल गाउँपालिकाको कार्यालयमा विगत ४.५ वर्ष देखि कार्यरत सूचना प्रविधि अधिकृत श्री अमीर मिया अंसारीको सेवा करार सम्झौताको म्याद मिति २०७९ साल श्रावण ०१ गते देखि मिति २०८० साल असार मसान्त सम्मका लागी थप गरी निजलाई नेपाल सरकारको रा.प. त्रितिय श्रेणी अधिकृत स्तरको तलबभत्ता तथा सेवा सुविधा यस गाउँपालिकाको कार्यालयबाट उपलब्ध गराउनुको साथै मासिक रुपमा संचार खर्च वापत रु. १०००/- र महंगी भत्ता वापत रु. २०००/- का दरले समेत यस गाउँपालिकाको कार्यालयबाट उपलब्ध गराउने निर्णय सर्वसहमतिले पारित गरियो । साथै प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट सूचना प्रविधि अधिकृतको वार्षिक पारिश्रमिक वापत वार्षिक अधिकतम रु. ३८०९४२/- सोधभर्ना गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

१४) यस गाउँपालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्था लगायतका संघ संस्थाहरुले यस गाउँपालिकाका क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु कार्यन्यवनको लागी स्वीकृत मापदण्डको अधिनमा रही गाउँ कार्यपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय गरियो ।

१५) उपभोक्ता समिति मार्फत कार्यन्यवन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यान्यवनका लागी वडा कार्यालयले वडा समिति गठनको लागि निश्चित अवधिका पुर्व सूचना दिइ सो अनुसार उ.स. गठन गरी योजना सम्झौताको लागि वडा कार्यालयको सिफारिस सहित गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ । र तोकिएको अवधिमा सम्झौता गर्न नआएमा अन्य व्यवस्थाद्वारा गाउँ कार्यपालिकाबाट योजना कार्यन्यवन गर्ने निर्णय गरियो । साथै उपभोक्ता

समितिको गठन गर्दा तोकिएको कार्यपालिका सदस्यको अध्यक्षतामा समिति गठन गर्न सकिने व्यवस्थाको लागि सर्वसहमतिले निर्णय गरियो ।

१६) यस गाउँ कार्यपालिकाको कार्यालय र विभिन्न शाख, वडा कार्यालयहरु र सम्वन्धित अन्य कार्यालयमा हाल कार्यरत रहेका करार सेवा, ज्यालादारीमा नियुक्त कर्मचारीहरु मध्ये सूचना प्रविधि अधिकृत, एम.आई.एस. अपरेटर, फिल्ड सहायक, उद्यम विकास सहजकर्ताहरु, कृषि शाखा, पशु शाखाका करार कर्मचारीहरु, रोजगार संयोजक, प्राविधिक सहायक, श्रेणी विहिन कार्यालय सहयोगीको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह लागु हुनु भन्दा अगाडी देखि कार्यरत कर्मचारी, स्वास्थ्य सेवा अन्तर्गत स्वीकृत दरवन्दी भित्र नियुक्त भई सशर्त अनुदानबाट तलब भत्ता खाने, अत्यआवश्यक सेवामा कार्यरत कर्मचारीहरु (एम्बुलेन्स ड्राइभर, जेनेरेटर अपरेटर तथा आर्थिक प्रशासन सँग निकट भइ सहायकको रुपमा कार्यरत बैंकबाट चेक ल्याउने, चेक जम्मा गराउने, स्टेटमेन्ट निकाल्ने तथा अति संवेदनशिल आर्थिक काम गर्ने भरपर्दो कर्मचारी) हरु लाई आ.व. २०७९ श्रावण देखि २०८० असार मसान्त सम्म म्याद थप गर्ने साथै माथि उल्लेख भएको भन्दा बाहेकका करार सेवाका कर्मचारीहरुको हकमा आवश्यकता अनुसार थपघट गरी विज्ञापन प्रक्रिया मार्फत करार सेवामा कर्मचारी भर्ना गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

१७) विभिन्न वडाहरु वाट छनौट भई आएका योजनाहरु मध्ये प्राथमिकिकरणमा नपरेका तथा श्रोत साधनले नभ्याएका देहायका योजनाहरुलाई संघ, प्रदेश तथा सम्वन्धित दातृ निकाय सँगको सहकार्यमा संचालन गर्न आवश्यक बजेटको लागि पहल गर्ने निर्णय सर्वसहमतिले पारित गरियो । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्न देहायका रोजगार मुलक योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताको अधारमा संचालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रममा स्वीकृतीको लागि पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

१८) यस आदर्श कोतवाल गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा पंजिकरण सम्बन्धि कार्यहरु सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको अनलाईन ईन्ट्री तथा व्यक्तिगत घटना दर्ता कार्यलाई अनलाईन ईन्ट्री गर्नुपर्ने आवश्यक रहेकोले प्रत्येक वडा कार्यालयमा एक/एक जनाको दरले सहायक कम्प्युटर अपरेटर भर्ना गर्ने सर्वसहमतिबाट निर्णय पारित गरियो ।

१९) यस आदर्श कोतवाल गाउँपालिकाको कार्यालय तथा यस कार्यालय अन्तर्गत विभिन्न कार्यालयहरुमा बिजुली जडान तथा मर्मत गर्ने एक जना विद्युत अपरेटर भर्ना गर्ने सर्वसहमतिवाट निर्णय पारित गरियो ।

२०) यस आदर्श कोतवाल गाउँपालिकाको कार्यालयद्वारा आ.व. ०७८/०७९ मा संचालित विभिन्न योजनाहरुको भुक्तानी हुन बाँकी रहेकोले चालु आ.व. ०७९/०८० मा साविककै योजनामा रकम विनियोजन गरी भुक्तानी हुन बाँकी योजनाको अनुसुची "क" अनुसारको योजनाहरु गत आ.व. ०७८/०७९ को कार्यसम्पन्न प्रतिवेदन, बिल भर्पाई, निर्णय तथा अन्य आवश्यक कागजातका आधारमा भुक्तानी गर्ने व्यवस्थाका लागि सर्वसहमतिबाट निर्णय पारित गरियो ।

२१) यस आदर्श कोतवाल गाउँपालिका अन्तर्गत श्री राम चरित्र मा.वि. जयनगर चिउटाहा नगर शिक्षकको रुपमा करार सेवामा मा.वि. तहको नेपाली विषयको पठनपाठन गर्दै आउनुभएको श्रि देवकी थापालाई निरन्तरता दिदै निजको म्याद मिति २०७९ श्रावन १ गते देखि २०८० असार मसान्त सम्म थप गरी मासिक रु. ३५०००/- (अक्षरेपी रु. पैतिस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

२२) तपसिलका ऐन कानुनहरु पारित गरियो ।

| | | |
|---|---|---|
| १.गाउँ/नगरपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि,२०७८ | २.स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी कार्यविधि,२०७८ | ३.गाउँपालिका/नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ |
| ४.गाउँपालिका/नगरपालिकाको कार्य संचालन निर्देशिका, २०७७ | ५. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ | ६. सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ |
| ७.व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ | ८.गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी | ९घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७६ |
| १०.स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ | ११.गाउँपालिका/नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ | .१२नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि२०७५ , |
| १३.वाल विवाह विरुद्ध कार्यक्रम खर्च कार्यविधि २०७५ | १४.गाउँपालिका/नगरपालिका आपतकालीनकार्यसञ्चालन विधि, २०७५ | १५.स्थानीय विपद व्यवस्थापन कोष संचालन, कार्यविधि २०७५ |
| १६.स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ | १७.स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका, २०७४ | १८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि (नमुना), २०७४ |
| १९. एकीकृत सम्पत्ति कर व्यवस्थापन नमुना कार्यविधि, २०७४ | २०. स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमूना कार्यविधि, २०७४ | २१.स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी नमूना कार्यविधि, २०७४ |

| | | |
|---|---|---|
| २२.गाउँ/नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (नमूना) ऐन | २३.घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि | २४.स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७४ (नमूना) । |
| २५.न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २६.स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन | २७.एफ एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७४ |
| २८.कृषि व्यवसाय प्रवर्द्धन ऐन | २९.स्थानीय तहको सरकारवाट गरिने बजार अनुगमन निर्देशिका | ३०.शिक्षा नियमावली, २०७४ |
| ३१.स्थानीय तह सहकारी ऐन | ३२.गाउँ/नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७४ | ३३.एफएम रेडियो . व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ |
| ३४.गाउँ/नगर/जिल्ला सभा संचालन कार्यविधि २०७४ | ३५.गाउँ कार्यपालिका कार्य विभाजन नियमावली २०७४ | ३६.गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली २०७४ |
| ३७.गाउँ/नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि २०७४ | ३८.स्थानीय तहको आर्थिक ऐन २०७४ | ३९ स्थानीय तहको विनियोजन ऐन २०७४ |
| ४०. आदर्श कोतवाल गाउँपालिकाको कर्मचारीहरुको व्यवस्थापन एंव समायोजन ऐन,२०७८ | | |

२३) यस आदर्श कोतवाल गा.पा. अन्तर्गत आ.व. २०७८/०७९ मा गाउँसभाबाट स्वीकृत भई संचालनमा रहेको योजनाहरु मध्ये प्राविधिक कारणवश भुक्तानी हुन नसक्ने अवस्था सिर्जना भई भुक्तानी नभएका योजनाहरुको म.ले.प. फारम नं. २२१ मा प्रविष्टि गरी आ.व. २०७९/०८० को गाउँ कार्यपालिकाको निर्णय बमोजिम भुक्तानी गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

२४) विभिन्न वडाहरुबाट छनौट भई आएका योजनाहरु मध्ये प्राथमिकिकरणमा नपरेका तथा स्रोत साधनकले, नभ्याएका योजनाहरुलाई संघ, प्रदेश तथा सम्बन्धित दातृ निकाय सँगको सहकार्यमा सञ्चालन गर्न आवश्यक बजेटको लागी पहल गर्ने निर्णय सर्वसहमतिवाट पारित गरियो । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्न सुचिकृत रोजगार मुलक योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताको आधारमा सञ्चालन गर्ने र अगामी आ.व. को लागि योजना तथा कार्यक्रम प्रविष्टी गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

२५) यस आदर्श कोतवाल गाउँपालिकाको कार्यालय अन्तर्गत न्यायिक समिति तथा उपाध्यक्ष ज्युको सचिवालयमा दरबन्दी अनुसारको कर्मचारी नभएको हुँदा न्यायिक समितिको कामकाज गर्न गाह्रो भएकोले न्यायिक समितिको प्रशासनिक कामकाज र सहयोग गर्न एक जना चौथो तह सरहको सहायक कर्मचारी र कम्पयुटर सम्बन्धी कामकाज गर्न एक जना कम्प्युटर अपरेटर नियुक्त गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

२६) यस आदर्श कोतवाल गाउँपालिकाको कार्यालय अन्तर्गत अध्यक्षज्युको सचिवालयमा दरबन्दी अनुसारको कर्मचारी नभएको हुँदा तहाँ कामकाज गर्न गाह्रो भएकोले तहाँ सचिवालयको प्रशासनिक कामकाज र सहयोग गर्न एक जना चौथो तह सरहको सहायक कर्मचारी र कम्पयुटर सम्बन्धी कामकाज गर्न एक जना कम्प्युटर अपरेटर नियुक्त गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

२७) आर्थिक, प्रशासनिक तथा विकासात्मक काम कार्यवाही सिमित जनशक्ति द्धारा चुस्तदुरुस्त तरिकाले सेवा प्रदान गर्दै आइरहेका काज तथा दरवन्दीमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि क्षमता विकास कार्यक्रम संचालन एवम निजहरुलाई थप उत्तरदायि तथा प्रोत्साहित वनाउने उदेश्यले गाउँपालिकाको कार्यालयमा मुख्य जिम्मेवारी पाएका कर्मचारीहरु प्र.प्र.अ., आर्थिक प्रशासन शाखा प्रमुख, प्रशासन शाखा प्रमुख, प्राविधिक शाखा प्रमुख, सूचना प्रविधि अधिकृत, जिन्शी शाखा प्रमुख, आ.ले.प. शाखा प्रमुख तथा योजना शाखा प्रमुख तथा वडा सचिवहरुलाई खाइपाई आईरहेको तलबमा मासिक रुपमा ४० (चालिस) प्रतिशत थप प्रोतसाहन भत्ता यसै आ.व. २०७९ श्रावन महिना देखि लागु हुने गरी स्वकृतिको लागि निर्णय सर्वसहमतिले पारित गरियो ।